# वन विकास कोष स्थापना तथा संचालन कार्यविधि निर्देशिका, २०६४

स्वीकृत मितिः २०६४।११।१५

<u>प्रस्तावनाः</u> वनको विकास गरी स्वस्थ वातावरण प्रबर्द्धन गर्नका लागि आ. व. ०६४।६५ को बजेट वक्तव्यमा व्यक्त प्रतिबद्धता बमोजिम वन पैदावार व्यवसायीले काठ खरिद गर्दा प्रचलित मूल्यमा तिर्नु पर्ने राजश्वमा गर्ने थप योगदान र सरकारको तर्फवाट जम्मा गरिने त्यति नै रकम जम्मा गरी वन विकास कोष स्थापना गरी संचालन गर्नका लागि वन तथा भू–संरक्षण मन्त्रालयले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार पारेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस निर्देशिकाको नाम "वन विकास कोष स्थापना तथा संचालन कार्यविधि निर्देशिका, २०६४" रहेको छ ।

(२) यो निर्देशिका २०६४।४।१ देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "जिल्ला वन विकास कोष" भन्नाले दफा ४ को खण्ड (क) वमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्दछ ।

(ख) "केन्द्रीय वन विकास कोष" भन्नाले दफा ४ को खण्ड (ख) वमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्दछ ।

(ग) "कोष" भन्नाले दफा ४ वमोजिम स्थापना भएको जिल्ला वन विकास कोष वा केन्द्रीय वन विकास कोषलाई सम्झनुपर्दछ ।

(घ) "समिति" भन्नाले दफा ६ वमोजिम गठन भएको संचालक समितिलाई सम्झनुपर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले कोषको अध्यक्षलाई सम्झनुपर्दछ ।

(च) "सदस्य र सदस्य सचिव" भन्नाले कोषको सदस्यलाई सम्झनुपर्दछ ।

(छ) "निर्देशन समिति" भन्नाले दफा ९(२) बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

(ज) "ऐन" भन्नाले वन ऐन, २०४९ लाई सम्झनुपर्दछ ।

(झ) "नियमावली" भन्नाले वन नियमावली, २०५१ लाई सम्झनुपर्दछ ।

(ञ) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालयलाई सम्झनुपर्दछ ।

३. **<u>कोषको लक्ष्य र उद्देश्य</u>**: (१) कोषका लक्ष्यहरु देहाय वमोजिम रहेका छन :

(क) समग्र वन क्षेत्रमा व्यापक रुपमा वृक्षारोपण तथा वनको व्यवस्थापन गरी वन सम्पदाको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउन दिगो रुपमा आवश्यक आर्थिक स्रोतको व्यवस्था स्थानीय स्तरवाट नै गर्न सकिने उपयुक्त पद्धतिको विकास गर्ने ।

(ख) वन व्यवस्थापन सम्वन्धी विभिन्न अध्ययन तथा अनुसन्धान गर्ने ।

(२) कोषका उद्देश्यहरु देहाय वमोजिम रहेका छनः-

(क) सघन रुपमा वृक्षारोपणका लागि नर्सरी स्थापना गरी निःशुल्क रुपमा विरुवा वितरण गर्ने र रोपिएका विरुवाको स्याहार र संरक्षणको व्यवस्था गर्ने,

(ख) काष्ठ पैदावारको सरल तथा दिगो आपूर्ति गर्नका लागि आवश्यक पूँजी र प्रविधिको व्यवस्था गर्ने,

(ग) नियमित रुपमा काठ उत्पादन गर्नका लागि आवश्यक अध्ययन अनुसन्धान र बजारको खोजी तथा विश्लेषण गरी काठ उत्पादनलाई वढि मुनाफादायी व्यवसायका रुपमा विकास गर्ने ।

(३) कोषका उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अवलम्वन गरिनेछन्ः-

(क) नर्सरी व्यवस्थापन, वृक्षारोपण, विरुवाको स्याहार सम्भार लगायतका वन व्यवस्थापनका सवै पक्षमा सरल, स्पष्ट र पारदर्शी कार्य प्रणाली अवलम्वन गर्ने,

(ख) वन ऐन, २०४९ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गतका संस्थागत तथा प्रक्रियागत व्यवस्थालाई कोष संचालन प्रक्रियामा सरलीकरण गर्ने,

(घ) कोष संचालन प्रक्रियामा समावेशी सिद्धान्तका आधारमा समन्वयात्मक रुपमा कार्य संचालन गर्ने,

(ङ) कोष संचालन प्रक्रियालाई सरल वनाई लगानीका सर्वसम्मत नीति तर्जुमा गर्ने,

(च) गरिवी न्यूनिकरण गर्ने कार्यमा योगदान पुऱ्याउने ।

**४. कोषको स्थापनाः** स्थानीय र केन्द्रीय तहमा देहाय बमोजिम कोषको स्थापना गरिनेछः-

(क) जिल्ला वन विकास कोष

(ख) केन्द्रिय वन विकास कोष

**५. जिल्ला वन विकास कोषको स्थापना :** (१) प्रत्येक जिल्लामा जिल्ला वन विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोषको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले वन्दोवस्त गर्न सक्नेछ ।

(४) कोषले व्यक्तिसरह नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. जिल्ला वन विकास कोषको संचालक समितिको गठनः** (१) कोषको सम्पूर्ण काम कारवाईको संचालन तथा रेखदेख गर्न देहाय बमोजिमको संचालक समिति गठन हुनेछ ।

(क) जिल्ला वन अधिकृत - अध्यक्ष

(ख) जिल्ला विकास समितिको कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(घ) नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघको जिल्लास्थित प्रतिनिधि- सदस्य

(ङ.) सहायक वन अधिकृत वा सहायक वन अधिकृत नभएको जिल्लामा रेञ्जर - सदस्य सचिव

(२) जिल्ला वन विकास कोषमा देहाय बमोजिमका स्रोतबाट रकम प्राप्त हुनेछः-

(क) सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, संरक्षित क्षेत्र बन, बन पैदावार बिकास समिति र टि. सि. एन. बाट व्यापारिक प्रयोजनका लागि बिक्री भएको काठका हकमा व्यवसायीबाट प्रति क्यु. फिट रु ५। का दरले र त्यतिनै मात्रामा नेपाल सरकारको तर्फबाट कोषमा प्राप्त हुने रकम,

(ख) निजी वनको हकमा व्यवसायीवाट प्रति क्यू.फि. रु. ५।- का दरले प्राप्त हुने रकम ।

(ग) जिल्ला विकास समितिको कोषबाट प्राप्त हुने रकम,

(घ) दातृ निकाय तथा संस्थाहरुवाट प्राप्त हुने नगद तथा वस्तुगत अनुदान/सहयोग ।
तर विदेशी दातृ निकायवाट नगद तथा वस्तुगत अनुदान/सहयोग प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) खण्ड (क) र (ख) बमोजिम कोषमा जम्मा गरिने रकम व्यवसायीले वुझाएको राजस्ववाट पहिले कोषको रकम जम्मा गरी बाँकी रकम मात्र राजश्वमा सदरस्याहा गर्ने ।

(४) कोषमा प्राप्त हुने रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिने छ र खाताको संचालन संचालक समितिले निर्णय गरी तोके बमोजिम हुनेछ ।

(५) समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने बैठक भत्ता तथा अन्य सुविधाहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

(६) जिल्ला वन विकास कोष समितिको बैठकको कार्यविधि देहाय बमोजिम हुनेछ :

(क) अध्यक्षको निर्देशनमा सदस्य सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउने छ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्ये छानेको कुनै सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ख) बैठक बस्ने सूचना बैठक बस्नुभन्दा ७ (सात ) दिन अगावै दिनु पर्नेछ ।

(ग) बहुमत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(घ) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिको बैठक कम्तिमा पनि बर्षको तीनपटक बस्नेछ ।

(च) बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(छ) यस दफामा लेखिए बाहेक बैठकमा अपनाइने कार्यविधि समिति आफैंले व्यवस्था गर्न सक्नेछ ।

(७) जिल्ला वन विकास कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वन पैदावार व्यवसायी र सरकारबाट रकम प्राप्त गर्ने ।

(ख) जिल्ला स्थित संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने ।

(ग) प्राकृतिक सम्पदासंग सम्बन्धित जिल्ला स्थित संघ संस्थासँग सम्पर्क र समन्वय गर्ने ।

(घ) काष्ठ पैदावारको दिगो कोषमा रहेको रकमबाट आपूर्तिका लागि तथा अन्य वन पैदावारको नियमित उत्पादन तथा समष्टिगत वन विकास एवं व्यवस्थापन कार्यमा लगानी गर्ने,

(ङ.) जिल्ला वन विकास कोषमा प्राप्त आम्दानीको २५% रकम केन्द्रिय वन विकास कोषमा पठाउने ।

(च) वृक्षारोपण, वन सम्बर्द्धन र वन विकास कार्यको लागि योजना छनौट गर्ने, लागत अनुमान स्वीकृत गर्ने, कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको कार्य गर्ने ।

(छ) वन क्षेत्र वाहिर वृक्षारोपण गरी हरियाली कायम गर्न व्यक्ति र संघ संस्थालाई प्रोत्साहन हुने कार्य गर्ने ।

(ज) वन व्यवस्थापनमा सहयोग पुऱ्याउने तथा वन र वातावरणको महत्व वारे जनचेतना, अनुसन्धान र प्रदर्शनी जस्ता कार्यक्रम संचालन गर्ने ।

(ञ) कोषको रकम खर्च गर्दा कोषले खर्च गर्न पाउने रकममध्ये २० प्रतिशत विरुवा उत्पादनमा, ३० प्रतिशत वृक्षारोपण तथा सोको संरक्षणमा र बाँकी रकम वन पैदावार संकलन र वन संरक्षण र विकास संबन्धी आकष्मिक रुपमा भैपरि आउने कार्यमा उपयोग गर्ने ।

(ट) प्राप्त आम्दानी, खर्च र कार्यक्रमको वार्षिक प्रतिवेदन वन विभागमा पेश गर्ने ।

(ठ) कोषको हितका लागि अन्य आवश्यक कार्य गर्ने ।

७. **लेखा र लेखा परीक्षण :** (१) कोषको आय-व्ययको लेखा प्रचलित सरकारी लेखा प्रणाली अनुसार राखिनेछ । कोषको संचालन सदस्य सचिव र जिल्ला वन कार्यालयका लेखापालवाट हुनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयवाट गरिनेछ ।

८. **अधिकार प्रत्यायोजन :** समितिले आफ्नो अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. **केन्द्रिय वन विकास कोषको स्रोत र संचालन** : (१) केन्द्रिय वन विकास कोषमा देहायको रकम जम्मा हुनेछ :-

(क) विभिन्न जिल्ला वन विकास कोषवाट प्राप्त हुने रकम ।

(ख) दातृ निकाय तथा अन्य संस्थाहरुवाट प्राप्त हुने नगद तथा वस्तुगत अनुदान/सहयोग ।
तर विदेशी दातृ निकायवाट नगद तथा वस्तुगत अनुदान/सहयोग प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ग) स्वच्छ विकास संयन्त्र (सि डि एम) वाट प्राप्त रकम ।

(घ) अन्य सहयोग ।

(२) केन्द्रिय वन विकास कोषमा प्राप्त हुने रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ र खाताको संचालन निर्देशन समितिले निर्णय गरी तोके बमोजिम हुनेछ ।

(३) केन्द्रिय वन विकास कोषको रकम खर्च गर्दा यस निर्देशिकाका उद्देश्य प्राप्त गर्नकालागि निर्देशन समितिले निर्णय गरी तोके बमोजिमका कार्यहरु गर्नमा उपयोग गरिनेछ ।

(४) केन्द्रीय वन विकास कोषको संचालन र सामान्य रेखदेखका लागि देहाय बमोजिमको एक निर्देशन समिति रहनेछः-

(क) महानिर्देशक, वन विभाग " अध्यक्ष

(ख) महानिर्देशक,
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग – सदस्य

(ग) महाप्रवन्धक, दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. – सदस्य

(घ) अध्यक्ष, वन पैदावार विकास समिति – सदस्य

(ङ) प्रमुख लेखा नियन्त्रक, वन तथा भू-संरक्षण मन्त्रालय – सदस्य

(च) प्रतिनिधि, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ, –सदस्य

(छ) वन पैदावार अधिकृत, वन विभाग –सदस्य-सचिव

(५) समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने बैठक भत्ता तथा अन्य सुविधाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(६) केन्द्रिय वन विकास कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) काठको बजार व्यवस्थापनका लागि अध्ययन अनुसन्धान गर्ने ।

(ख) व्यवसायिक रुपमा काठ उत्पादन हुने विरुवाहरुको विकास र छनौटका लागि विभिन्न संस्थाहरुसँग समन्वय गरी अनुसन्धान गर्ने गराउने ।

(ग) निजी तथा सरकारी वृक्षारोपण क्षेत्रहरुलाई स्वच्छ विकाश संयन्त्रमा दर्ता गराउन सहयोग पुऱ्याउने र त्यसवाट प्राप्त हुने रकमवाट विरुवा उत्पादन गरी पुनः वृक्षारोपण तथा वन व्यवस्थापनमा व्यापकता ल्याउने ।

(घ) जिल्ला वन विकास कोषवाट प्राप्त रकमलाई अन्य जिल्ला वन विकास कोषमा कार्यक्रमको प्राथमिकता हेरी पुर्नवितरण गर्ने ।

(ङ) केन्द्रिय वन विकास कोष निर्देशन समितिले जिल्ला वन विकास कोषलाई वृक्षारोपण, वन संवर्द्धन र वन विकासका कार्यक्रम सञ्चालनका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संबन्धित जिल्ला वन विकास कोषको कर्तव्य हुनेछ ।

१०.**<u>लेखा र लेखा परीक्षणः</u>** (१) कोषको आय-व्ययको लेखा प्रचलित सरकारी लेखा प्रणाली अनुसार राखिनेछ । कोषको संचालन सदस्य सचिव र वन विभागका लेखा अधिकृतवाट हुनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुनेछ ।

११. **<u>निरीक्षण गर्ने अधिकारः</u>** मन्त्रालय वा वन विभागले कोषको हिसाव किताव सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जांच गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संबन्धित सवैको कर्तव्य हुनेछ ।

११. **बचाउः** यस निर्देशिकामा लेखिए जति यसै निर्देशिका बमोजिम नलेखिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१२. **<u>व्याख्या गर्ने अधिकार</u>**ः यस निर्देशिकामा लेखिएको कुनैपनि कुरामा विवाद परेमा सो को व्याख्या गर्ने अन्तिम अधिकार मन्त्रालयलाई हुनेछ ।